'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८०/०५/२९)

यस कार्यालयले तपसिल बमोजिमको कार्य शिलबन्दी दरभाउपत्रबाट गराउनुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही यो रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८०/०६/१२) भित्र इच्छुक व्यक्तिबाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैक फिक्कलमा रहेको यस नगर कार्यपालिकाको आन्तरिक राजश्व खाता, बैंक खाता नं. २१००१००३०१०१०००२ मा जम्मा गरी सक्कल भौचर वा राजश्व शाखामा नगदै जम्मा गरी यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। माथि उल्लेखित कार्यालयहरुबाट खरिद नभएको र यस नगर कार्यपालिकाको कार्यालयमा पेश नगरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक व्यक्तिले नियमानुसारको दस्तुर बुझाएको रसिद साथै निवेदन दिनु पर्नेछ। निवेदनका साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी र निवेदनमा यस ठेक्काको ठेक्कापट्टा नं र कामको विवरण उल्लेख गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्र फाराम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ दिन को १२.०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको १.०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र फिर्ता तथा संशोधन गर्न मिल्ने छैन।

५. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ।

६. दरभाउपत्र को खाम बाहिर ठेक्का नम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना , फोन नं (घरको, मोबाईलको) र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ।

७. दरभाउपत्रका साथ रष्ट्रिय बाणिज्य बैक फिक्कल स्थित यस नगर कार्यपालिकाको धरौटी खाता नं. २१००१००३०३००००००२ मा कम्पनीको नामबाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Bid Bond) पेश गर्नुपर्नेछ। सो जमानत पत्र/भौचरमा सम्बन्धित ठेक्कापट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ। दरभाउपत्र को मान्य अवधी ४५ दिनको हुनेछ।

८. दरभाउपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दरेट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

९. एउटा व्यक्तिको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईनेछैन।

१०. स्थानीय तह तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

११. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ।

१२. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराइएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

१३. दरभाउपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु, BID DOCUMENT तथा प्रचलित ऐन नियमअनुसार हुनेछ।

१४. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

१७. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको राजश्वा शाखाको मोवाइल नं. ९८५२६८०५८८ सम्पर्क गर्न सकिनेछ।

## शिलबन्दी दरभाउपत्र सम्बन्धी कार्यको विवरण

| S. N. | Contract Identification No | Name of Contract | Estimated Amount NRs. | Bid Security Amount NRs. | Bid document fee (Non – refundable) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ REVENUE 05-080/081 | Internal Revenue collection work from Taxi Parking (Gumba Path, Fikkal) | 2,65,486.72 (भ्याट बाहेक) | 75,00.00 | 1,000.00 | आ.व. ०८०।८१ को लागि |
| 2 | SUMO/ILAM/SQ/ REVENUE 09-080/081 | Internal Revenue Collection Work from Two Sutter Rent of Suryodaya Municipality Ward No. 2 Office | 146000.00 (भ्याट नलाग्ने) | 3700.00 | 1,000.00 | आ.व. ०८०।८१ र ०८१।८२ को लागि |

**प्रमुख प्रशासकीय अधिकृत**